म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६ आइतबार २० साउन २०८१ ने. सं. ११४४ दिल्लागा 4 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पहिरोले अवरुद्ध कान्तिलोकपथ सञ्चालनमा

हेटौंडा, १९ साउन/पहिरोका कारण अवरुद्ध बनेको हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथको अवरोध हटाएर सञ्चालनमा ल्याइएको प्रहरीले जानकारी दिएको छ ।

शनिबार बिहान परेको अविरल वर्षाका लोकपथअन्तर्गत भीमफेदी-८ महादेवटारमा पहिरो खसेको थियो । नेपाली सेना, फास्टट्र्याक निर्माण कम्पनीको समन्वयमा बिहान ११ बजेबाट सडकखण्ड सञ्चालनमा ल्याइएको इलाका प्रहरी कार्यालय ठिंगनका प्रहरीनिरीक्षक खगेन्द्रप्रसाद दाहालले बताए ।

यता शुक्रबार र शनिबार बिहानको अविरल वर्षाका कारण मकवानपुरगढी-६ का विभिन्न क्षेत्रका धानखेत डुवानमा पर्नुका साथै स्थानीयको घरमा पानी पसेर सिमेन्ट, धानलगायत नष्ट भएको मकवानपुर प्रहरीले जनाएको छ ।

### बागमतीका निवर्तमान प्रदेशप्रमुख शर्मा

# विवादित कानुन बन्नबाट रोके, जाँदाजाँदै उच्च हार्दिकता देखाए

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/सम्भवत: बागमती प्रदेशमा मात्र नभई देशभरमै पहिलोपटक प्रदेश प्रमुखको बिदाई र स्वागतले औपचारिकता पाएको छ ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने ७ वटा प्रदेशका प्रदेशप्रमुखहरु विगतमा पदमुक्त भएपछि आफ्नै तरिकाले घर फर्किने गरेका थिए । नयाँ प्रदेशप्रमुखहरु आएर आफ्नै हिसाबले काम सुरु गर्ने गरेको विगतले देखाउँछ । तर, यसपटक बागमती प्रदेशमा भने हार्दिकताका साथ प्रदेशप्रमुखको बिदाई र स्वागत गरियो । यसअघि पदमुक्त भएका बागमतीका प्रदेशप्रमुख यादवचन्द्र शर्मा शुक्रबार काठमाडौंबाटै आएर नवनियुक्त प्रदेशप्रमुख दीपकप्रकाश देवकोटाको स्वागत गरेका छन् ।

'उहाँले हार्दिकताका साथ नयाँ प्रमुखलाई स्वागत गरेर आफू बिदा हुने चाहना राख्नु भएको थियो । शुक्रबार नै आएर कार्यक्रम सकेर फर्किनु भयो ।,' शर्माको सचिवालयले भन्यो, 'सायदै प्रदेशप्रमुखको बिदाई र स्वागतमा देखिएको हार्दिकता पहिलो हो । अन्य प्रदेशमा यसरी बिदाई र स्वागत भएको देखिदैन ।,' नवनियुक्त प्रदेशप्रमुख देवकोटाले शुक्रबार पदभारग्रहण गरेका छन् । बिहीवार मात्रै राष्टपति रामचन्द्र पौडेलमार्फत् सपथग्रहण गरेका देवकोटाले पदभारग्रहरण गरेका हुन् । उनको पदभारग्रहण बारे थाहा पाएपछि शर्मा शुक्रबार नै काठमाडौंबाट हेटौंडा आएका थिए । उनी देवकोटाको स्वागतकै लागि हेटौंडा आएका हुन् ।

प्रदेशप्रमुखको कार्यालयमा शर्माको बिदाई र देवकोटाको स्वागत कार्यक्रमले भव्य रुप लिएको थियो । नयाँ प्रमुख देवकोटाको उपस्थितमा कर्मचारीहरुले शर्माको सुखद् बिदाई गरेका हुन् । शर्माले नै देवकोटालाई पदभार ग्रहण गराए । शर्माले आफू बस्दै आएको प्रदेशप्रमुखको कुर्सीमा देवकोटालाई बसाए । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामा, बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकलगायतको उपस्थिति थियो ।

राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को सिफारिस अनुसार बुधबार संविधानको धारा १६३ को



उपधारा २ बमोजिम देवकोटालाई प्रदेशप्रमुखमा नियुक्त गरेका थिए । नेकपा एमालेबाट प्रदेशप्रमुख बनेका देवकोटा धनगढीका हुन् । देवकोटा बागमती प्रदेशका चौथो प्रदेशप्रमुख बनेका हुन् । २०७२ मा संविधान जारी भएसँगै ०७४ पछि कार्यान्वयनमा आएको नयाँ संरचना अनुसार प्रदेशप्रमुख नियुक्त हुने गरेका हुन् । बागमतीमा अनुराधा कोइराला पहिलो र विष्णुप्रसाद प्रसाई दोस्रो प्रदेशप्रमुख बनेका थिए । उनीहरुको हार्दिकतासहितको बिदाई र स्वागतमा कुनै औपचारिक कार्यक्रम भएका थिएनन् ।

नेपालमा राजनीतिक समिकरण परिवर्तन भएसँगै सत्तागठबन्धन भन्दा फरक दल निकटका प्रदेशप्रमुख भएमा हटाएर आफ्नालाई नियुक्त गर्ने चलन छ । ५ वर्षीय कार्यकालका लागि नियुक्त हुने गरेका प्रमुखहरु पटकपटकको सत्तासमिकरण परिवर्तनको कारण पूरा कार्यकाल बस्न पाएका छैनन् ।

२०७८ भाद्र ४ गते तत्कालीन कांग्रेस नेतृत्वको सरकारले नेकपा (एकीकृत समाजवादी)बाट शर्मालाई प्रदेश प्रमुखमा नियुक्त गरेको थियो । ३ वर्ष प्रमुखको जिम्मेवारीमा रहेका उनले प्रदेशमा बेलाबखत देखिने राजनीतिक विकृतिलाई रोक्नेसम्मका काम गरे । स्वार्थ बाझिएको विवादित खालका कानुन र अध्यादेश रोकेर शर्माले चर्चा पनि बटुले । यस अवधिमा शर्माले १८ ओटा विधेयक प्रमाणीकरण गरे । प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण नगरी प्रदेशसभामा सन्देश सहित ७ जेठ २०८० मा फिर्ता गरेका थिए । प्रदेशसभाले यो विधेयक पुन: पेश भएको छैन । शर्माले विवादित चिठ्ठा विधेयकले 'कालो धनलाई सेतो' बनाउन मद्दत पुग्ने सन्देश सहित फिर्ता गरेका हुन् । विवादित विधेयक फिर्ता गरेपछि उनको देशभर चर्चा भएको थियो ।

शर्मांले आफ्नो कार्यकालमा ११ ओटा अध्यादेश जारी गरे । केही प्राविधिक त्रुटिहरुका कारण प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश उनले जारी नै गरेनन् । अमुक व्यक्तिलाई फाइदा पुग्ने गरी हतारमा अध्यादेश ल्याएको निश्कर्षसहित शर्माले यो अध्यादेश जारी नगरेको जनाइएको छ । त्यो अध्यादेश ल्याउने उनी निकटकै दलका मन्त्री थिए । आफ्नै दलका मन्त्रीले ल्याएको अध्यादेशमा कैफियत देखेपछि शर्माले रोकेको भन्दै फेरि उनको चर्चा भयो ।

प्रदेशप्रमुख शर्माकै पहलमा प्रदेशका ३ वटा सीमान्तकृत समुदाय बनकरिया, सुरेल र हायु समुदायको हकअधिकार प्राप्तिका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराइएको थियो । जग्गा नभएकादेखि ओतलाग्ने छानोसमेत नभएका समुदायको गाँस, बास र कपासको व्यवस्थापनमा शर्माले सरकारको ध्यानाकर्षण गराएका थिए । उनले दोलखाको गौरिशंकर गाउँपालिकाको सुरीमा रहेको सुरेल समुदायमा अन्तरक्रिया गरी राज्यबाट सहयोग दिलाए ।

सुरीका ३वटा विद्यालयमा अध्ययनरत सुरेल समुदायका ४० जना विद्यार्थीलाई विद्यालय पोशाक, झोला, कापी, कलम विद्यालयलाई खेलकुद साम्रगीलगायत करिब ६ लाख बराबरको सामग्री संरचना नेपाल नामक संस्थाले उपलब्ध गराएको थियो ।

बुढानीलकण्ठ विद्यालय काठमाडौमा कक्षा ५ मा २ जना सुरेल विद्यार्थीलाई छात्रवृत्ति सहित पढ्ने व्यवस्था गरिएकोमा १ जना मात्र योग्य विद्यार्थी पाइएको र त्यसमा पनि छात्रा भएकाले अभिभावकको रुची नदेखिएको शर्माले बताए ।

शर्माकै अगुवाईमा पहिलोपटक चितवनको सौराहमा सातै प्रदेशका प्रदेशप्रमुखहरुको बैठक बागमती प्रदेशप्रमुखको कार्यालयले आयोजना गरेको थियो । बैठकबाट हरेक ६/६ महिनामा पालोगरी एकपछि अर्को प्रदेशमा सम्बन्धित प्रदेशप्रमुखको कार्यालयले बैठकको आयोजना र व्यवस्थापन गर्ने अवधारणापत्र, २०७८ पारित गरिएको थियो । तर, त्यस पश्चात अन्य कुनैपनि प्रदेशप्रमुखको कार्यालयले बैठक राखेका छैनन् ।

शर्माले चिनको युनान प्रान्तको निमन्त्रणामा २०८१ मंसिरमा चिनको युनान प्रान्तको भ्रमण गरेका छन् । बागमती प्रदेश र युनान प्रदेशको बीचमा भगिनी सम्बन्ध स्थापना गर्ने, आधुनिक कृषिप्रणाली, टनेल इन्जिनियरिङ र डेटाबेस इन्फर्मेसन टेक्नोलोजी सम्बन्धी उच्चशिक्षा अध्ययनका लागि नेपाली विद्यार्थीका लागि युनान विश्वविद्यालयमा भर्ना लिने विषयमा र हेटौंडा उपमहानगरपालिका तथा कुन्मीङ महानगरपालिकाबीच भगिनी सम्बन्ध स्थापना गर्ने विषयमा कुराकानी भएको थियो ।

# बागमतीका २५० महिलालाई ड्राइभिङ सिकाउने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले महिलालाई नि:शुल्क ड्राइभिङ तालिम दिने भएको छ । श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले पदभारग्रहण गर्दै यस्तो निर्णय गरेका हुन् ।

प्रदेशमा सीपमूलक श्रमको अभिवृद्धि तथा यातायात क्षेत्रमा महिला सहभागिता वृद्धि गर्ने उद्देश्यले तालिमको व्यवस्था गर्न लागिएको मन्त्री महर्जनको भनाई छ । सार्वजनिक यातायातको क्षेत्रमा महिला चालकको सहभागिता बढाएर आत्मनिर्भर बनाउने उद्देश्यकासाथ तालिको आयोजना गर्न लागिएको हो ।

यातायात क्षेत्रलाई समावेशी, मर्यादित एवम् सुरक्षित बनाउन महिलाचालक उत्पादन तथा महिलालक्षित रोजगार कार्यक्रम अन्तर्गत रहेर कम्तिमा २५० जना महिलालाई तीनपाङ्ग्रे तथा चार पाङ्ग्रे सवारीसाधन प्रशिक्षण सीप प्रदान गर्ने मन्त्री महर्जनको भनाई छ । त्यस्तै, मन्त्री महर्जनले सवारीचालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा तीनपटकसम्म फेल भएकाले ९० दिनसम्म कुर्नुपर्ने व्यवस्था खारेज गर्ने पनि निर्णय गरेका छन् ।



यो समय घटाएर १ महिनामा ल्याउने निर्णय गरिएको मन्त्री महर्जनले बताए । यो निर्णय कार्यान्वयनका लागि यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौंलाई पत्र पठाइएको उनको भनाई छ ।

साउन ९ गते नेवारी भाषामा शपथ खाएका यातायात मन्त्री महर्जनले पदभार सम्हाले लगतै मन्त्रालय मातहतका कार्यालय तथा सेवाग्रहीको समस्याको विषयमा चासो देखाएका छन् । सोही अनुसार गत सोमबार काठमाडौंमा मातहतका १३ वटा यातायात व्यवस्था कार्यालयका प्रमुखहरुसँग अन्तरक्रिया गरेका थिए ।

यसक्रममा उपस्थित कार्यालय प्रमुखहरुले आ-आफ्नो कार्यालय तथा सेवाग्राहीको विषयमा जानकारी गराएका थिए । जसमा सेवाग्रहीले सेवा लिनका लागि लामो समय खर्चनु पर्ने, हाल प्रयोग भैरहेको सर्भर डाउन हुने, लाइसेन्स छपाई ढिला हुँदा सेवाग्राहीहरुले भोग्नु परेका लगायत समस्या राखेका थिए ।

समस्या समाधानका लागि मन्त्री मर्हजनले अबको केही दिनमा संघीय मन्त्री, बागमती प्रदेशका मन्त्री, सचिव, सम्बन्धित कार्यालयका प्रमुखहरुलगायत सम्बन्धित व्यक्तिको बैठक बसेर हाल यातायात क्षेत्रमा देखिएका समस्या समाधानका लागि अघि बढ्ने प्रतिवद्धता समेत व्यक्त गरे ।





## ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर



☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# साझाकुराको सफलता

हामीले लेख्ने समाचारले समाजमा पक्कै सकारात्मक प्रभाव परेको छ । अनावश्यक शब्द पाठकलाई दिएर समय बर्बाद गर्ने पक्षमा हामी कदापी छैनौं । हामीले पाठकलाई कति न्याय गर्न सक्यौं भन्ने कुराको अर्को एउटा प्रमाण हो प्रेस काउन्सिलको बर्गिकरणको नतिजा । मकवानपुर जिल्लाबाट पहिलोपटक ठूलो आकारमा प्रकाशन थालनी गरेको साझाकुरा दैनिक प्रेस काउन्सिल नेपालको संपरीक्षणमा पुन: 'क' वर्गमा पर्न सफल भएको छ । २०६८ सालबाट प्रकाशन आरम्भ गरेको साझाकुरा दैनिक निरन्तर ९ औं पटक 'क' वर्गमा बर्गीकरण भएको हो । आ.व. २०७०/०७१ देखि प्रेस काउन्सिल नेपालको संपरीक्षणमा पर्दै आएको साझाकुरा हालसम्म आफ्नो गुणस्तर कायम राख्दै पुन: 'क' वर्गमा परेको हो । हेटौंडाबाट प्रकाशन हुँदै आएको दैनिक ठूलो आकार, निरन्तर प्रकाशन, भाषा, साजसज्जा, समाचार, विचार, फोटो आदि प्रकाशनमा उत्कृष्ट ठहरिँदै प्रेस काउन्सिल नेपालको वार्षिक संपरीक्षणमा 'क' वर्गमा परेको हो । काउन्सिलले आर्थिक वर्ष २०७८/७९ को वार्षिक संपरीक्षणको प्रारम्भिक नतीजा शुक्रबार सार्वजनिक गरेको हो ।

प्रेस काउन्सिलले पत्रपत्रिका वितरण, प्रकाशित समाचार, विचार, फोटो, कार्टुन, साहित्य आदिलाई आधार बनाएर वार्षिकरुपमा मूल्यांकन गर्ने गरेको छ । ब्यापक आर्थिकमन्दीका बाबजुद साझाकुरा निरन्तर प्रकाशन भएको छ । दैनिकले शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरन्जन, यौनस्वास्थ्य, साहित्य तथा तीनै तहको सरकारले गरेको कामको नजिकबाट नियालेर सत्यतथ्य सामग्रीलाई प्राथमिकता दिँदै आएको छ । प्रेस काउन्सिलले सार्वजनिक गरेको वर्गीकरणको प्रारम्भिक नतिजाअनुसार हेटौंडाबाट प्रकाशन हुँदै आएको हेटौंडा सन्देश दैनिक र समृद्ध समाज दैनिक 'क' वर्गमा तथा प्रदेश दैनिक 'ख' वर्गमा परेको छ । यस्तै ६ वटा साप्ताहिक पत्रिका 'ख' वर्गमा परेको छ भने ६ वटा 'ग' वर्गमा परेको छ । हाम्रो मातृभूमि र अक्षय अक्षर त्रैमासिक साहित्यिक पत्रिका 'क' वर्गमा परेको छ । लोकभावना त्रैमासिक 'ख' वर्गमा परेको छ । एउटा पाक्षिक पत्रिका 'ग' वर्गमा परेको छ । काउन्सिलमा वार्षिक वितरण संपरीक्षणका लागि दर्ता भएका ९ सय वटा पत्रपत्रिकामध्ये सात सय ९३ वटा पत्रपत्रिका वर्गीकरणमा परेको जनाएको छ । ७० वटा पत्रपत्रिकाको कागजात नपुगेको, ३७ वटा हुबहुमा परेको काउन्सिलले जनाएको छ । सरकारले आफूलाई अनुकूल हुनेगरी मात्र सूचना सार्वजनिक गर्ने कार्यलाई हामीले बिरोध गरिरहेका छौं । मोफसलका साना र स्वरोजगारमूलक मिडिया सबल र सक्षम बनाउन पत्रकारितासँग सरोकार राख्ने सबै पक्षले पछिल्ला दिनमा खासै सहयोग गरेका छैनन् ।

सरकारी निकायले आफूलाई अनुकूल पर्ने मिडियामा मात्र सूचना दिने कार्यले दैनिक अखवार चलाउन निकै कठिन बन्दै गएको छ । समानुपातिक विज्ञापनका नारा भाषणमा मात्र सीमित बन्न पुगेको छ । मोफसलका मिडिया अहिलेसम्म पनि जेनतेन चलिरहेको अवस्था छ । हामीले लेखेको समाचार र पाठकले खोजेको समाचारबीचमा तालमेल हुन अझै सकिरहेको छैन कि भन्ने अनुभूति पनि हामीलाई भएको छ तर, पनि आर्थिक समस्याका कारण हामीले पाठकका चाहना अनुसारका समाचार सागम्री तयार गर्न सकेका छैनौं । सीमित सैीतसाधनमा अत्यन्तै मितब्ययी रुपमा काम गर्नुपर्ने बाध्यकारी अवस्थाका कारण कतिपय समाचारको स्रोतसम्म पुग्न नसकेका कारण पाठकसामु समस्या सृजना भएका छन् । आगामी दिनमा यस्ता समस्यालाई सकेसम्म समाधान गर्दै जान हामी कटिबद्ध छौं । हामी हाम्रा पाठकबर्गको चाहनाबमोजिमका समाचार र सूचना हातमा पुर्‍याउन निरन्तर लागिरहने छौं । पाठकको चाहनालाई हामीले उच्चप्राथमिकतामा राखेका छौं ।

# पशुपतिको कोटीहोम र आलोचनाको सवाल



✍ श्यामप्रसाद मैनाली

श्रावण महिनामा पशुपति क्षेत्रमा भइराखेको अखण्ड कोटी होमले हालका दिनमा चर्चा पाइराखेको छ । विशेष गरी देवी प्रतिभाले सानो उमेरमा प्राप्त गर्नुभएको प्रख्यातिलाई थप उजागर गरी उच्च विन्दुमा पुर्‍याउने काम यो कोटीहोममा भएको छ । देवी प्रतिभाको कथावाचन आफैँमा अत्यन्त मीठो र तर्कपूर्ण थियो नै । भागवत कथा वाचनमा यसअघि दिएका अभिव्यक्तिभन्दा केही पृथक प्रकारले देवीजी प्रस्तुत हुनुभएको थियो ।

उहाँको प्रख्यातिले सनातन धर्मप्रति आस्थावान्हरु र समग्र राष्ट्र नै गौरवान्वित बनेको छ । किनकि उनको प्रभावशाली कथावाचनका कारण भारतमा पनि उनी सबैको आकर्षण बन्ने क्रममा रहेकी छन् । उनी समग्र सनातनी हिन्दु धर्मावलम्बीहरूका लागि मुटुको धड्कन बन्दै गएकी छिन् । यिनको गन्तव्यले भारत र नेपालको सिमाना पार गर्दै विश्वव्यापी हुन सक्ने अनुमान यस क्षेत्रका विद्वान्हरूले गरिराखेका छन् । यस अर्थमा देवी प्रतिभालाई हामी सबैले प्रोत्साहित गर्नु र उनको उत्तरोत्तर प्रगतिको कामना गरौं ।

पशुपति परिसरमा भइरहेको कोटीहोम महायज्ञ विवादमा परेको छ । यसका धेरै कारण छन् । कोटीहोम महायज्ञमा कथावाचनले मात्र अत्यधिक प्राथमिकता पाएको छ । यसबाट यो कोटीहोम हो वा कथा पारायण र वाचन गर्ने कार्यक्रम मात्र हो ? भक्तहरू आफैँ द्विविधामा पर्दै गएका छन् । कथावाचक र वाचिकाहरूको व्यक्तित्वलाई लिएर ठूलो आलोचना हुँदै आएको छ । धार्मिक प्रवचन कथावाचनमा देखिएका गुरु, विद्वान्, विदुषीहरू आफैँ विवादमा तानिदै गएको अवस्था छ । यस देशमा बलात्कारीहरु ठूला गुरुका नामले प्रख्याति कमाइराखेका छन् ।

बहुविवाह गर्ने, आफ्नै धर्मपत्नीलाई यातना दिने, घर निकाला गर्नेहरू पनि ठूला पण्डित गुरु आदिका नामबाट सम्बोधित भई सम्मान पाइराखेका छन् । भागवत महापुराणमा पाइएका पवित्र शब्दहरू, वाक्यांशहरू तथा कथाहरूका विपरीत कथावाचकहरू प्रस्तुत हुँदै गएको अवस्था पनि छ । यसबाट भागवत महापुराणमा नै समयसापेक्ष पुनरावलोकन हुँदै गएको अनुभूति सचेत नागरिकहरू गर्न बाध्य हुँदै गएका छन् । यसबाट कथावाचक-बाचिकाहरु जुन धार्मिक ग्रन्थमा आधारित भएर कथावाचन गर्ने हो वा आफ्नो विचारलाई प्राथमिकतामा राखेर भक्तजनहरूलाई विश्वस्त बनाउँदै बिस्तारै पवित्र धार्मिक ग्रन्थहरुलाई नै अपभ्रंशका रुपमा परिणत गर्न सक्ने हुन्, श्रोताहरुमा द्विविधा उत्पन्न भएको छ ।

मानव सेवा फाउन्डेसनलगायत ११ संस्थाहरूले आयोजना गरेको यो कोटीहोम महायज्ञबाट संकलित रकम ललितपुरस्थित मामाघर र भक्तपुरमा अवस्थित छोरीको ज्येष्ठ घरलाई सहयोग गर्ने उद्घोष गरिएको छ । यी संस्थाहरु दुवै परोपकार कार्यमा लिन हुँदै आएको दाबी गरिएको अवस्था छ । १२ दिनमा १० करोड रकम उठेको सूचना सम्प्रेषित भइराखेको छ र उक्त रकम कोटीहोम महायज्ञको लागि आवश्यक पर्ने खर्चको लागि पर्याप्त छ भनिएको छ ।

अब बाँकी रहेको करिब २० दिनमा अर्को १५-१६ करोड रुपियाँ यही अनुपातमा उठेमा संकलन हुन सक्ने देखिन्छ । यति ठूलो रकमको पारदर्शिताका बारेमा आयोजकहरुले आफूलाई कुन हदसम्म इमानदारिताका साथ प्रस्तुत गर्ने हुन् ? प्रतीक्षाको विषय बनिराखेको छ । तर सम्बन्धित सचेत वर्ग पारदर्शिताको र इमानदारिताको निर्वाह हुने कुरामा सशंकित भएका छन् । उनीहरूका अनुसार यस महायज्ञका आयोजकहरुमध्ये संयोजकमा यस्ता पात्र रहेका छन् जो विवादित छविका हुन् । यति ठूलो रकम संकलित भइराखेको अवस्थामा सार्वजनिक निकायहरूले त्यसको पारदर्शिताका बारेमा खासै चासो राखेको देखिँदैन । त्यसैले आउँदा दिनहरूमा यो कार्यक्रम थप विवादमा तानिँदै जाने र कोटीहोम महायज्ञ र कथावाचनजस्ता पवित्र धार्मिक अनुष्ठानहरु विवादित बन्दै जाँदा सनातन हिन्दू धर्मप्रति अनास्था फैलाउने कामहरू हुने हुन् कि भन्ने आशंका भइराखेको छ ।

रकम दान लिने विषयलाई सम्मानले आकर्षण दिइराखेको छ । धनीमानी, भ्रष्टलगायत तस्कर, माफियाहरूसँग धन पर्याप्त हुन्छ । यस्तो पवित्र स्थानमा धेरै रकम दान गरेको आधारमा त्यही अनुपातमा सम्मान गर्दै जाँदा इमानदार एक भक्तको दिलमा ठूलो चोट पुग्न पनि सक्छ । यस पवित्र कार्यक्रममा श्रीमद्भागवत महापुराण श्रवण गर्न आउने र भक्तिभाव राख्नेहरूको पीडा छुट्टै प्रकारको पाइएको छ । यसमा आयोजकहरूको ध्यान पुगेको देखिएन, सम्मान र दान खरिदको विषय हुन पुगेको छ । यो गलत हो ।

अर्को कुरा, देवाधिदेव महादेवका नाममा गरिने यो पवित्र महायज्ञ श्रावण महिनामा हुनुबाट ठूलो आलोचना खेप्नुपरिरहेको छ । यसका पछाडि दुईवटा कारण छन् । पहिलो हो श्रावण महिनामा महादेव मस्त निद्रामा हुनुहुन्छ । महादेवको पूजा अर्चना र आराधना गर्दै गरिने महायज्ञ श्रावण महिनामा गरिँदैन । यस महिनामा आराध्य देव महादेवका नाममा गरिने कोटी महायज्ञ गरिँदैन र गर्नुहुँदैन । यसको साइत श्रावण महिनामा हुँदैन । यो ठेक्का रामचन्द्र गौतमलगायतका विद्वान्हरुले गरिराखेका छन् ।

यसको शास्त्रसंगत खण्डन आयोजकहरुले गर्न सक्नुभएको छैन । दोस्रो हो, अग्नि यस महिनामा पातालमा प्रवेश गरेका छन् । मृत्युलोकमा अग्निको पूजा गर्दै गरिने महायज्ञ कोटीहोमको उपादेयता अग्निदेवताको मर्त्यलोकमा उपस्थिति नहुने भएकाले यसको महत्व धार्मिक हिसाबले देखिँदैन । तसर्थ यो आराध्यदेव महादेवको वा शिवप्रतिको श्रद्धा र सम्मानको भावनामाथि विकृति आमन्त्रण गरी चोट पुर्‍याउने काम आयोजकहरुले गरेका छन् । धर्मको व्यापार गर्ने अपवित्र उद्देश्य यस कार्यक्रमले ल्याएको छ ।

यसअघि पनि यस्ता कोटीहोम महायज्ञहरू विवादमा तानिदै गएका उदाहरणहरु छन् । योगी नरहरिनाथले तत्कालीन राजालाई मैदानमा उतार्न लकार्दै गरेको कोटीहोम महायज्ञका साथै धर्मको आडमा राजनीति गर्नेहरुले यस्तो विवादित धार्मिक कार्यक्रमहरू सम्पन्न गर्दै गएका छन् । तर अहिलेको यो महायज्ञ राजनीतिकभन्दा अन्य दृष्टिले विवादित बनेको यथार्थता जगजाहेर छ ।

**आलोचना र टिप्पणीहरू :**

नेपालको काभ्रेपलाञ्चोक जिल्लाको देउपुर मण्डनमा जन्म भई भारतको वृन्दावनलाई कर्मक्षेत्र बनाउँदै आएकी देवी प्रतिभाले यस अखण्ड कोटीहोममा अत्यन्त राम्रो कथा वाचिकाको स्थान सुरक्षित गरी अब्बल वाचिका प्रमाणित भएकी छिन् । उनको ठूलो संख्यामा सुरक्षाकर्मीसहितको नेपाल प्रवेश र उनै सुरक्षाकर्मीको घेरामा रहेर कथा वाचन गर्दै गरेको दृश्यलाई आलोचनाको दृष्टिले हेरिएको छ । मानिसको जन्म र मरण सबै लेखिएको हुन्छ, ईश्वरको कृपामा निर्भर गर्दछ भन्दै कथा वाचन गर्ने देवी प्रतिभा आफैँ ठूलो संख्यामा सुरक्षाकर्मी लिएर हिँडेकी छन् ।

उनलाई त्यस धार्मिक अनुष्ठानमा कतैबाट कसरी सुरक्षाको जोखिम पुग्न पुगेको हो ? नेपालका सुरक्षाकर्मीले यसबारेमा सूचना उपलब्ध गराएका हुन् कि नेपालको सुरक्षाकर्मीप्रति प्रतिभालाई विश्वास नभएको हो ? विभिन्न कोणबाट टीकाटिप्पणी भइराखेका छन् । ईश्वरको भक्तिमा लीन हुनेहरुले आफ्नो ज्यान, प्राणको सुरक्षाको कुनै चासो राख्दैनन् । जब व्यक्तिगत स्वार्थमा मानिस लिप्त हुँदै जान्छ, बाँच्ने इच्छा अत्यन्त ज्यादा हुन्छ । मानिस जब गल्ती गर्दै जान्छ, त्यस अवस्थामा सुरक्षाको जोखिम बन्दै जान्छ । देवीजीले भारतमा जुन-जुन स्थानमा कथावाचन गर्न पुग्नुहुन्छ, त्यहाँ सुरक्षा संवेदनशीलता अत्यन्त बढी भएको र भारतीय सुरक्षाकर्मीहरूले उनको कडा सुरक्षा गरेको अभिव्यक्ति दिएकी छन् ।

देवी प्रतिभाजीले कुनै अपराध कर्म गर्नुभएको छैन र भगवान्प्रति अत्यन्त बढी भक्तिभाव यदि रहेको अवस्था हो भने सुरक्षाकर्मीको तामझामको कुनै अर्थ रहँदैन । मृत्युसँग ईश्वरको शरणमा रहेका विद्वान्हरू, ऋषिमुनिहरूमा कुनै सन्त्रास रहन्न । प्राचीन कालका ऋषिमुनिहरू घनाजंगलमा लामो समय तपस्या गर्दथे, तर उनीहरूको सुरक्षाको बारेमा चिन्ता हुँदैनथ्यो । किनकि उनीहरूको अटल विश्वास ईश्वरमा थियो र ईश्वर प्राप्ति एकमात्र गन्तव्य निर्धारण गरिएको हुन्थ्यो । आधुनिक कथावाचक-वाचिकाहरूका बहुव्यक्तित्व प्रमाणित हुँदै गर्दा सुरक्षासम्बन्धी बढी चनाखो हुनुपरेको अवस्था हो । सुरक्षाकर्मीले लगाएको ड्रेस कालो रंगको थियो, बाउन्सरको जस्ता देखिने सुरक्षाकर्मीहरू कालो पोशाकमा धार्मिक अनुष्ठानमा प्रवेश गर्दा जो-कोहीले असहज महसुस गरेको हुनुपर्दछ । दर्शकहरुलाई यसले असहज परिस्थिति बनाएको छ ।

देवी प्रतिभाले पितृसत्तात्मक समाजको पक्षमा र सम्बन्धविच्छेदजस्ता कुरा भागवतमा नभएको स्पष्ट पार्नुभएको छ । तर राधिका दासीले आफू सम्बन्ध विच्छेद गरेर कथावाचिकाका रुपमा प्रस्तुत भएको अभिव्यक्ति स्पष्ट दिनुभएको छ । यस अर्थमा यी दुईको अभिव्यक्ति आफैँमा विवादित देखिएको छ । पाठक, श्रोताहरु रणभुल्लमा पर्ने स्थिति छ । यस प्रकारको एउटै मञ्चमा दुई किसिमका परस्पर विरोधी अभिव्यक्ति दुई वाचिकाहरुबाट आउनु राम्रो होइन । यद्यपि धर्मग्रन्थमा कहीं-कतै पनि सम्बन्धविच्छेदको बारेमा उल्लेख भएको छैन । यसै गरी पति जस्तोसुकै भए पनि उसको भक्तिमा लीन भई पतिव्रता धर्म निर्वाह गर्नु प्रत्येक नारीको कर्तव्य हो भनेर देवी प्रतिभाले नै बताउनुभएको छ ।

विभिन्न भाषामा कथा वाचिकाको रूपमा आफूलाई प्रस्तुत गर्दै आएकी अभिव्यक्ति दिने प्रतिभाले नेपालमा अधिकांश हिन्दी भाषामा र थोरैमात्र नेपाली भाषामा अभिव्यक्ति दिनुभएको थियो । नेपालमा रहँदा नेपालीहरूको बीचमा उहाँले नेपाली भाषामै बोलिदिनुभएको भए अत्यन्त राम्रो हुने थियो । प्रकाश सुवेदीजीले लिनुभएको अन्तर्वार्तामा देवी प्रतिभाले आफू अविवाहित भएको आशयको अभिव्यक्ति दिनुभएको थियो । २३ वर्षकी किशोरी भएको दाबी गर्दै हुनुहुन्थ्यो । पारिवारिक स्रोतका अनुसार उहाँको उमेर २८ वर्ष हो । १६ वर्षको उमेरमा प्रतिभाको विवाह भारतमै एक कथावाचकसँग भएको थियो ।

दुवैजना कथावाचक हुँदै गर्दा प्रतिभाको प्रख्याति तुलनात्मकरुपमा उनको श्रमको भन्दा बढ्दै गएको थियो । यसरी आफ्नो वैवाहिक स्थितिको बारेमा गुमराहमा राख्ने प्रयास देवीजीले गर्नुभएकोले आलोचना भइराखेको छ । यसै गरी देवीजीको शैक्षिक डिग्रीका बारेमा प्रकाश सुवेदीजीले तपाईंले आचार्य पास गर्नुभएको हो भन्ने सोधिएको प्रश्नको जवाफमा उहाँले सकारात्मक संकेत गर्नुभएको थियो । तर उहाँमा सामान्य शैक्षिक योग्यता मात्र रहेको सूचनाहरू आइराखेको छ ।

**निष्कर्ष :**

कोटीहोम विवादै विवादका बीच समाप्त हुने अवस्थामा छ । धर्मशास्त्रले वर्जित गरेको समयमा कोटीहोम भइराखेको छ । यसले धर्मको नाउँमा पुँजीवादलाई प्रश्रय दिइराखेको छ । कोटीहोम गर्दा जगत्गुरु, शंकराचार्य, सिद्ध पुरुष आदिको उपस्थिति अति उत्तम मानिन्छ । यस कार्यक्रममा यस प्रकारको उपस्थिति रहेको छैन ।

कथावाचिकाहरुको प्रभुत्व वाचकको भन्दा अधिक देखिएको छ । यसले कथावाचक गुरुहरू सबै पुरुषहरूको आधिपत्य भइरहेको सन्दर्भमा अब यस पवित्र कार्यमा महिलाहरूको उल्लेखनीय सहभागिता र नेतृत्व देखिँदै छ, यो सकारात्मक परिवर्तन हो । राधिका दासी, कान्ता, देवी प्रतिभालगायतको कथावाचिकाका रूपमा प्रस्तुति भइराखेको कार्यक्रममा बेलायतबाट अर्की वाचिका चन्द्रकला सखीले नेपालको माटोले आफूलाई बोलाएको भन्दै कार्यक्रममा ओजपूर्ण उपस्थिति दिनुभएको छ । अपरिपक्व उमेरमै कथा वाचिकाका रूपमा देवीहरूको उपस्थितिले यसपटकको कोटीहोममा थप रौनक प्रदान गरेको छ । कार्यक्रम धार्मिक प्रवृत्तिको भागवत कथामा अत्यधिक आधारित हुनुभन्दा प्रदर्शनात्मक र प्रचारात्मक शैलीमा अघि बढेको अनुभव भइराखेको छ । पशुपतिमा कोटीहोम हुँदै गर्दा पशुपतिनाथको जयको आवाज खासै सुनिएन । राधे-राधेले पाशुपत क्षेत्र गुञ्जायमान भएको थियो र भइराखेको छ ।

यस पवित्र स्थलमा कथावाचन भइर हँदा नजिकै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विमान दुर्घटनामा पर्‍यो । भीमेश्वर महादेवको मूर्तिबाट पसिना लगातार आइरह्यो । यी घटनाक्रमले अनिष्टको संकेत गरेको भन्दै आलोचना गर्नेहरूको पनि कमी छैन । यस अर्थमा यो कोटीहोमका आयोजकहरुमा कमी-कमजोरी रहेको स्पष्ट भएको छ ।

एकपटक पुन: देवी प्रतिभाकै बारेमा उल्लेख गरौं । देवी प्रतिभाका बारेमा आएका जति पनि आलोचना र नकारात्मक टिप्पणीहरू छन्, ती उनका लागि भविष्यमा सुधार गर्न सहायक हुनेछन् र हुनुपर्दछ । आफ्नो व्यक्तिगत सन्दर्भमा स्पष्ट भई प्रस्तुत हुँदा त्यसले भविष्यमा अप्ठ्यारो र असहज परिस्थिति बनाउँदैन । त्यसैले देवी प्रतिभाजी नेपालको इज्जत र शान बन्नुहोस् । विश्वमा परिचित हुनुहोस् । वैदिक सनातन हिन्दु धर्मलाई अत्यन्त गम्भीरताका साथ प्रचार प्रसार गर्नुहोस् । ३० वर्षभन्दा कम उमेरमै यो स्तरको वाचिकाका रुपमा प्रस्तुत हुनु देवी प्रतिभाका लागि अत्यन्त शुभ संकेत हो । त्यसैले आफ्ना कमी-कमजोरीहरूलाई सुधार गर्दै, स्पष्ट पार्दै अघि बढ्नुस् । देवीजीको भविष्य सुन्दर छ ।

हामी नेपालीहरू यसैमा स्वाभिमानको अनुभूति गर्नेछौं । देशलाई चिनाउनुहोस् । आफ्नो व्यक्तित्व अन्तर्राष्ट्रिय बनाउनुहोस् । र, हिन्दु धर्मलाई विश्वमै अब्बल र सर्वोत्कृष्ट धर्मको रुपमा स्थापित गराउन भूमिका निर्वाह गर्नुस् । आलोचकहरु तपाईंको प्रशंसकका रूपमा परिणत हुनेछन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# प्रशासनिक संघीयताको उपेक्षा

✍ चित्ररेखा सिलवाल

राज्यका स्रोत-साधन र अवसरमा सबै नागरिकको पहुँच पुर्‍याउनेह राज्यका संरचनाहरुमा नागरिकको अर्थपूर्ण संलग्नता वा सहभागिता गराउने र नागरिककै चाहना र आवश्यकता सम्बोधन गर्ने शासकीय स्वरूप नै सामान्य अर्थमा संघीयता हो । नेपालको संविधानले तीन तहको राज्य संरचनालाई संस्थागत गरेको एक दशक पुग्न लागिसकेको छ, तथापि संघीयताको महत्वपूर्ण आयामका रूपमा रहेको प्रशासनिक संघीयता उपेक्षित नै छ ।

तहगत सरकारहरूमा रहेको नागरिकप्रतिको दायित्व कार्यान्वयनका लागि आवश्यक पर्ने सांगठनिक संरचनाहरू र सो सम्बद्ध नीति, ऐन-नियम, योजना तथा कार्ययोजनाको समष्टिलाई नै प्रशासनिक संघीयता भनेर सम्झनुपर्छ । जसको अभावमा संघीयताको सफल कार्यान्वयन मृगतृष्णा मात्र बन्न पुग्छ । उदेकलाग्दो कुरा त के हो भने संघीयताको संस्थागत अभ्यास हुन थालेको वर्षौं बितिसक्दा पनि एकात्मक र केन्द्रीकृत व्यवस्था हुँदादेखिकै निजामती सेवा ऐन, २०४९ बाटै प्रशासनिक संयन्त्र निर्देशित छ । संघीय निजामती सेवा ऐनको चर्चा चलेको धेरै भइसक्यो, तर यसले सार्थकता पाउन सकेको छैन । सर्वस्वीकार्यता र सहमतिको अभावमा पटकपटक ओझेल पर्ने यसको नियति नै भइसकेको छ ।

**वर्तमान अवस्था**

संघीयता अवलम्बनपछि प्रशासनिक पुनर्संरचनाको तत्कालीन गर्जो टार्न संविधानको धारा ३०२ ले दिएको अधिकार उपयोग गर्दै कर्मचारी समायोजन ऐन २०७५ बमोजिम साबिकका सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरियो । यो समायोजन कर्मचारीको इच्छा, आकाङ्क्षा र स्वेच्छिक सहभागिता भन्दा पनि राज्यको आवश्यकता र इच्छामा निर्भर थियो र बाध्यात्मक थियो भन्ने कुरालाई कर्मचारी समायोजन ऐनको दफा ५ को उपदफा १२ र समायोजन सम्बन्धमा अदालतमा परेका रिटले पनि पुष्टि गर्दछ ।

संघीयताअघि कर्मचारीको कार्य क्षेत्र ठुलो थियो । संघीयतापछि प्रदेश र स्थानीय तहमा समायोजित कर्मचारीले आफू प्रदेश र स्थानीय तहभित्र खुम्चिएको महसुस समेत गरेका छन् । यस्तै बढुवाका लागि वृत्ति विकासको साँघुरो सोपानका कारण उनीहरुमा सकारात्मक मनोवृत्ति र मनोबलको अभाव छ । संघीय लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा खटिएका कर्मचारीको अवस्था पनि ऐनको अभावमा उस्तै छ, जसले गर्दा कर्मचारीतन्त्र अन्योल र अनिश्चितताको भूमरीमा रुमलिइरहेको छ । प्रशासनिक संघीयताको अपरिपक्व र अपूर्ण कार्यान्वयनले कर्मचारीको पूर्ण व्यवस्थापन र उनीहरुको क्षमताको पूर्ण उपयोग हुन सकिएको देखिँदैन । अर्कोतिर तहगत सरकारमा बढ्दै गएको निराशाले सहकार्यात्मक संस्कृतिमा समेत ह्रास ल्याउँदै छ ।

कुनै पनि शासन प्रणालीमा अन्तर्निहित तथा अन्तर्सम्बन्धित तत्वहरूको सारभूत जीवन्तता र गतिशीलतामा नै त्यस प्रणालीको सफलता निर्भर रहन्छ । जसरी शरीरको कोषमा आउने खराबीले पूर्ण प्रणालीलाई नै असर गर्दछ, त्यसरी नै शासकीय आयाममा साना-साना कुरालाई बेवास्ता गर्दा त्यसले समग्र राष्ट्रिय प्रणालीमै असर पुर्‍याउने हुन्छ । वर्तमान अवस्थामा प्रशासनिक संघीयताको विषय पेचिलो बन्दै गइरहेको छ ।

नेपालको संविधानले संघीय एकाइबिच जिम्मेवारी, स्रोत-साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने नीति लिएको छ । तर प्रशासनको साझेदारी कुन स्वरूपमा गर्ने ? अन्तर्तह साझेदारीका आधार र सर्तहरू के के हुने ? यसले प्रशासनिक संघीयतामा कस्तो असर र प्रभाव पार्छ होला ? यस्ता विषयमा गम्भीर बहस हुन जरुरी छ ।

संविधानको धारा २८५ ले सरकारी सेवाको गठनसम्बन्धी व्यवस्था गरेको छ । यसमा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्ने साथै प्रदेश मन्त्री परिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् भन्ने उल्लेख छ । यद्यपि संघीय सरकार नै आवश्यक कानुन निर्माणमा उदासीन देखिएको हुँदा प्रदेश र स्थानीय तहले संविधानत: प्राप्त अधिकारको समेत उपभोग गर्न पाएका छैनन् ।

संघीय निजामती सेवा ऐन प्रदेश र स्थानीय तहका लागि मार्गदर्शक ऐनका रूपमा र ही यसले संघ, प्रदेश र स्थानीय तहबिचको प्रशासनिक अन्तर्सम्बन्धलाई स्पष्ट पार्नुपर्नेमा यो ऐनको अभावमा प्रदेश र स्थानीय तहहरू हालसम्म अन्योलमा रहेका छन् । कर्मचारी समायोजन ऐनको दफा १५, उपदफा ४ मा गरेको व्यवस्था (संघीय निजामती सेवाको पदमा अन्तर सेवा प्रतिस्पर्धामार्फत बढुवाको अवसर प्रदान गर्ने)को कार्यान्वयन संघीय निजामती सेवा ऐन जारी नभएसम्म हुँदैन ।

तिपय प्रदेशले प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनहरू जारी गर्दै गरेको परिदृश्य छ, तर यसरी जारी ऐन एकातिर पूर्णरूपमा कार्यान्वयनमा आउन सकेका छैनन् भने अर्कोतिर प्रदेश-प्रदेशका बिचमा पनि कर्मचारीको सेवा, सर्त र सुविधामा फरक-फरक मापदण्ड लागु हुने खतरा रहेको छ ।

**अबको बाटो**

संघीय शासन व्यवस्थाले सिर्जना गर्ने लाभहरूलाई नागरिकहरूमा वितरण गर्न प्रशासनिक संघीयता आवश्यक छ । प्रशासनिक संघीयताको कार्यान्वयनको सवालमा उठेका विवादहरूको समाधान गर्दै यसको सफल कार्यान्वयनमा जान निकै ढिला भइसकेको छ । प्रशासनिक संघीयतालाई मार्गदर्शन गर्ने संघीय निजामती सेवा ऐनको अभावमा समग्र प्रशासनमै गतिरोध सिर्जना भएको छ ।

संघीय निजामती सेवा ऐन सधैं बहसको विषय मात्र बनाइनु भएन । कर्मचारीले उठाएका जायज मागहरूको सम्बोधन गर्दै अविलम्ब यो ऐन जारी गरी प्रदेश र स्थानीय सरकारमा कर्मचारी प्रशासन सम्बन्धमा रहेको द्विविधाको अन्त्य गर्ने आधार खडा गरिनुपर्छ ।

क्रमश: पृष्ठ-३....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २१ गते सोमबार ५ अगष्ट २०२४ । प्रतिपदा, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३०, सूर्यास्त ६:४८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# महिला भलिबलमा भारतको तगारो तोडिएको दिन



काठमाडौं/महिला भलिबलमा भारतलाई हराउने दशकौंदेखिको चाहना शनिबार यथार्थमा परिणत भएको छ । काभा वुमन्स नेसन्स लिग २०२४ अन्तर्गत नेपालले शनिबार दशरथ रंगशालामा भारतलाई ३-२ को सेटमा हराउँदै ऐतिहासिक जित हात पारेको छ ।

नेपालले २५-१८, १२-२५, २५-१७, १८-२५, १५-१३ ले हराउँदै इतिहास रचेको हो । २०४३ सालदेखि सुरु भएको नेपालको महिला भलिबलमा भारतलाई पहिलो पटक हराएको हो ।

प्रतिस्पर्धात्मक खेलको पाचौं सेटमा नेपाल १४-१३ को अवस्थामा थियो । म्याच प्वाइन्ट उषा भण्डारीले जोडिन् र इतिहास लेखाइन् । लिबरो सलिना श्रेष्ठले दिएको बललाई उषाले भारतीय तीन ब्लकरबाट पन्छाउँदै सेन्टर फ्रन्टमा खसालेपछि नेपाली खेलाडी र समर्थकले सेलिब्रेसन गर्न थाले ।

खचाखच भरिएको कभर्ड हलमा समर्थकको उत्साह बेग्लै थियो । प्रशिक्षक, अफिसियल र पदाधिकारीमा पनि खुसीको सिमाना थिएन । नेपाली खेलकुदमा भारतसँग जुनसुकै खेल सधैं महत्वपूर्ण हुन्छ । त्यसमा पनि लगातार बाधक बन्दै आएको टोलीलाई पहिलो पटक हराउँदा खेलाडीहरु उत्साहित सँगै भावुक बनेका थिए ।

'जितपछि मेरो मनमा केही थिएन । केही सोच्न सकिएन । भारतसँग खेल्दैछौं है भन्ने डरबाट सुरुवात गरेको खेल आज जित्दा छुट्टै खालको इमोसन (भावुकपन) हुन्छ', जितपछि कप्तान अरुणा शाहीले भनिन् ।

अन्य ठूला टोलीलाई हराउन भन्दा भारतसँग जित महत्वपूर्ण हुने अरुणा बताउँछिन् । 'भारतलाई हराउँदा सन्देश अर्कै हुन्छ । अरु राम्रो टोलीलाई हराउँदा त्यति फरक पर्दैन होला, भारतलाई हराउँदा नेपालीहरुमा पर्छ । हामीले रसियालाई जितेको भएपनि आजको जति भ्यालु हुने थिएन', अरुणाले भनिन् ।

नेपाली महिला भलिबल टोलीले पछिल्लो केही वर्षयता अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्दै आएको छ । लगातार घरेलु प्रतियोगितामा ब्यस्त महिला टोलीले अन्तर्राष्ट्रिय स्तरमा लगातार प्रभावशाली प्रदर्शन गरेपनि भारतसँग स्तब्ध हुँदै आएको थियो ।

दक्षिण एसियाली महिला भलिबलमा नेपालले भारतबाहेक अन्य देशलाई लगातार हराउँदै आएको छ । तर भारत नेपालको हरेक प्रतियोगितामा बाधक बनिरहेको थियो । भारतको तगारो पन्छाउन नसके पनि पछिल्लो समय नेपालको प्रतिस्पर्धी क्षमता बढिरहेको थियो ।

यही कोर्टमा सन् २०१९ मा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) को फाइनलमा नेपाललाई ऐतिहासिक स्वर्ण जित्न भारत तगारो बनेको थियो । भारतले नेपाली खेलाडी र समर्थक घरेलु मैदानमै रुवाएको थियो ।

१३ औं सागको फाइनलमा भारतसँग नेपाल १७-२५, २५-२३, २५-११, २०-२५ र ६-१५ ले पराजित भएको थियो । ९ महिनाअघि एसियन गेम्समा भारतले नेपाललाई ३-१ को सेटमा पराजित गरेको थियो ।

नेपालले महिला भलिबलमा एभीसी एसियन सेन्ट्रल जोन २०१९ र २०२१ को उपाधि जित्दा भारत सहभागी थिएन । गतवर्ष घरेलु कोर्टमा नै काभा वुमन्स च्यालेन्ज कपमा नेपाल भारतसँग समूह चरणमा ३-१ को सेट (१२-२५, २४-२६, २५-२१ र २१-२५) मा हारेको थियो । त्यसपछि सेमिफाइनलमा काजाकिस्तानसँग पराजित हुँदै बाहिरिएको थियो ।

सन् २०१९ अघिसम्म महिला भलिबलमा नेपाल भारतसँग सहजै पराजित हुन्थ्यो । तर पछिल्लो समय धेरै विकास हुँदै भारतविरुद्ध प्रतिस्पर्धी क्षमता बढेको थियो । भारतसँगको जितले नेपालको भलिबललाई अर्को उचाइमा पुग्ने मुख्य प्रशिक्षक जगदिश भट्ट बताउँछन् ।

'भारतको भलिबल हामी भन्दा धेरै माथि छ । तर हाम्रो टिम भावना बलियो थियो, अर्कोतर्फ पहिला हामी भारत भन्दा अलिकति डराउँदै खेल्थ्यौं तर पछिल्लो समय जित्छौं भन्ने मानसिकताका साथ अघि बढेका थियौं', उनले भने, 'दुई महिनामा खेलाडीले जसरी हौसला बढाए र भारतलाई जिते इतिहास बन्छ भनेर खेलेका थियौं । त्यो आज सफल भयो ।'

भारतलाई हराउँदा नेपाली भलिबलको स्तर नै बढेको महसुस भएको प्रशिक्षक भट्टले बताए । 'यसले सरकार र समर्थकलाई दबाब पर्ने नै छ । अब भलिबलले केही गर्न सक्छ र प्राथमिकतामा राख्नुपर्छ भन्ने खालको सकारात्मक सन्देश दिएको छ', उनले भने ।

शनिबारको खेलमा ओपन स्पाइकर निरुता ठगुन्नाले उत्कृष्ट प्रदर्शन गरेकी थिइन् । खेलपछि उनले भारतलाई जित्न सकिन्छ भन्ने प्रमाणित गर्ने सोचले खेलेको प्रतिक्रिया दिइन् ।

'हामीले भारतसँग सधैं हार्छौं भन्ने कुरालाई गलत सावित गर्नु थियो', उनले भनिन्, 'हामीले भारतलाई हराउनैपर्छ भनेर खेलेका थिएनौं । तर आफ्नो उत्कृष्ट दिएर खेल्ने सोच थियो ।'

सन् २०१९ को सागमा स्वर्ण जित्न नसकेपछि खेलाडी सरस्वती चौधरी निकै भावुक बनेकी थिइन् । चोटका कारण प्रतिभा माली टोलीमा नहुँदा सरस्वती नै सिनियर खेलाडी हुन् । सिनियिर खेलाडीका रुपमा शनिबार सरस्वतीले त्यो जिम्मेवारी राम्रो निर्वाह गरिन् । २०१४ मा आफूले डेब्यू गर्दा देखिनै भारतलाई हराउने सपना अहिले पूरा भएको सरस्वती बताउँछिन् ।

'मैले डेब्यू गर्दादेखिनै भारतलाई हराउने इच्छा थियो । प्रतिस्पर्धात्मक खेल खेलेर भारतसँग हार्ने गरेका थियौं । अहिले जित्न पाउँदा एकदमै खुसी छु', सरस्वतीले भनिन् ।

(स्रोत: अनलाइनखबर)

# 'देवी' टिजर: बलात्कारीको हत्या गर्दै हिँड्ने पात्रको कथा



काठमाडौं/आगामी भदौ २१ गते (तीज)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'देवी'को टिजर सार्वजनिक गरिएको छ । नाबालिक बलात्कारको घटनालाई टिजरमा देखाइएको छ । पीडितको बयान र स्केच तयार हुँदा पनि निरीह बनेको प्रहरी र बलात्कारीको हत्या गर्दै हिँड्ने पात्रको कथामा फिल्म केन्द्रित रहेको टिजरले खुलासा गर्छ । फिल्मप्रति दर्शकलाई कौतुहलता जगाउन सक्ने सामर्थ्य टिजरमा छ ।

क्राइम-थ्रिलर जनरामा निर्माण भएको फिल्मका निर्देशक सञ्जोग राई हुन् । फिल्ममा निर्देशक राई र अजय गौतमको संयुक्त लेखन रहेको छ । एक्जिबिट स्टुडियोले 'कबड्डी' निर्माण कम्पनी बाँसुरी फिल्म्ससँग सहकार्य गरेको फिल्ममा शिल्पा मास्के, गौरव पहारी, नाजिर हुसेन, टीका पहारी, ुब कोइराला, विशाल पहारी, निरु खड्का, जीवन जंग खड्का, निरिक्षा घतानी आदिको अभिनय छ ।

रेमन गुरुङ, नारायण राई र सञ्जोग राईको निर्माण रहेको फिल्मको कार्यकारी निर्मातामा जावेद खान तथा सह-निर्माताहरुमा उजेन नोर्वे गुरुङ, मिलन लामा, शिल्पा मास्के र नारायण गुरुङ छन् । यसमा जोएल फ्रोमको डीओपी, सन्जेन थापाको द्वन्द्व निर्देशन तथा सन्तोष दवाडी र इयान स्कट क्लेमेन्टको सम्पादन रहेको छ । फिल्मलाई मनोज राठी र उज्वल पौडेलले देशभर वितरण गर्दैछन् ।

# 'नमेटिने घाउ'मा प्रधानमन्त्री ओलीले गरे स्वरांकन



काठमाडौं/अभिनेता रमित ढुंगानाको निर्माण र निर्देशनमा तयार भएको फिल्म 'नमेटिने घाउ'मा प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीले स्वरांकन (डबिङ) गरेका छन् । शनिबार अनामनगरस्थित म्यूजिक एरा रेकर्डिङ स्टुडियोमा उनले आफ्नो भागको दृश्यको स्वरांकन गरेका हुन् । फिल्ममा उनले प्रधानमन्त्रीकै भूमिकामा अभिनय गरेका छन् । छायांकन हुँदा भने उनी प्रधानमन्त्री थिएनन् ।

फिल्ममा पूर्व प्रधानमन्त्री माधव नेपाल र राप्रपाका सांसद ज्ञानेन्द्र शाहीको पनि अभिनय छ । उनीहरुले केही दिनअघि मात्र डबिङ गरेका थिए । 'नमेटिने घाउ' एसिड आक्रमणविरुद्धको कथामा बनेकाले यस्ता घटना रोक्ने प्रतिवद्धता जनाएको दृश्यमा नेताहरुले अभिनय गरेका हुन् । फिल्मले ३३ जना एसिड आक्रामणका पीडितको कथालाई उठाएको छ । र, पीडितहरुकै पनि अभिनय छ ।

आगामी भदौ ७ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्ममा मुस्कान खातुन, रचना गौतम, प्राप्ति पौडेल, आरती आचार्य, प्रभात पाल ठकुरी, इभा गिरी, कमल देवकोटा, सन्दीपबाबु लोहनी, अखिल बजगाईं सहित दर्जनौं प्रहरीहरुको पनि अभिनय छ । रमित ढुंगाना फिल्म प्रोडक्शनको ब्यानरमा बनेको 'नमेटिने घाउ'मा शिवम् अधिकारीको लेखन छ भने गीतमा ओम सुनारको संगीत छ ।

# बजेट नपाउँदा मधेशका ३७२ खानेपानी आयोजना वर्षौंदेखि अधुरै

जनकपुरधाम/नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको गाउँ धनुषाको लक्ष्मीनिया गाउँपालिका-४ सपहीको खानेपानी योजना १५ वर्षदेखि अधुरै छ । सपही खानेपानी उपभोक्ता समितिका अध्यक्ष विन्देश्वर यादवका अनुसार रामवरण राष्ट्रपति बनेपछि उनकै पहलमा साविकको सपही गाविसका एक हजार घरधुरीलाई लक्षित गरेर आर्थिक वर्ष २०६४/६५ मा आयोजना सुरु भएको थियो ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय जनकपुरले पाँच वर्षभित्र सक्ने लक्ष्य राखेको थियो । स्थानीय ८० वर्षीय बेचन यादवलाई आफ्नो जीवनकालमा यो आयोजनाको पानी खान पाउने आशा छैन । 'योजना सुरु भएको १५-१६ वर्ष भइसक्यो । अहिलेसम्म सञ्चालनमा आएन । अब खानेपानी चलेको मैले हेर्न पाउँछु कि पाउँदिन ठेगान छैन', बेचन भन्छन् ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय जलेश्वरका प्रमुख सुरेन्द्र शर्माका अनुसार निर्माणको अन्तिम चरणमा रहेको योजनाको गाउँबस्तीमा पाइप जडान मात्र बाँकी छ । सरकारले समयमा बजेट दिए सञ्चालनमा आउन धेरै समय नलाग्ने उनको भनाइ छ ।

'वार्षिक रुपमा सरकारले थोरैथोरै मात्र बजेट दिँदा लामो समय लागेको हो । सपही आयोजनाको काम अन्तिम चरणमा छ । गाउँमा खानेपानी पाइप जडान गर्न मात्र बाँकी छ', उनी भन्छन्, 'तर स्थानीयले श्रमदान गरेर पाइप जडान गर्न नचाहँदा सञ्चालनमा नआएको हो ।'

उपभोक्ता समितिका अध्यक्ष विन्देश्वर यादव लक्ष्मीनियाका गाउँपालिकाका पूर्वअध्यक्ष पनि छन् । उनी पालिका अध्यक्ष हुँदा पनि आयोजना पूरा गर्न ध्यान नदिएको स्थानीयको गुनासो छ । पूर्वराष्ट्रपति यादवको इच्छा अनुकुल उपभोक्ता समिति नबन्दा वास्ता नगरेपछि खानेपानी योजना निर्माणमा लामो समय लागेको विन्देश्वर बताउँछन् ।

'इच्छानुकुल उपभोक्ता समिति नबन्दा राष्ट्रपतिजीले योजनाप्रति वास्ता गर्नुभएन । उहाँले चाहेको भए उहिले सञ्चालनमा आउँथ्यो', उनी भन्छन्, 'मैले पनि सञ्चालनको लागि धेरै प्रयास गरें । म पालिका अध्यक्ष हुँदा डिभिजनले श्रमदानको लागि भनेन । नत्र गराइदिन्थे ।' आयोजना पूरा गर्न मधेशका खानेपानी मन्त्री शेषनारायण यादवलाई आग्रह गरेको र अब पाइप जडान भएर सञ्चालन हुने उनको भनाइ छ ।

सिरहाको कल्याणपुर नगरपालिका-१२ तिलासीमा पाँच वर्षभित्र १२ सय घरधुरीलाई स्वच्छ खानेपानी खुवाउने लक्ष्यसहित बेल्हा खानेपानी तथा सरसफाइ आयोजनाको काम २०७२ मा सुरु भयो । यो योजनालाई खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय लहानले ६ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको थियो । तर ९ वर्ष बित्दा पनि काम अझै अपूरो छ ।

डिभिजन कार्यालयले हालसम्म दुई करोड रुपैयाँमा दुईवटा बोरिङ गाड्नुका साथै ट्यांकी बनाएर बाँकी काम अलपत्र छाडेको छ । योजना पूरा गर्न खानेपानी डिभिजन कार्यालय लहान र राजविराजमा धेरै पटक धाए पनि चासो नदेखाएको उपभोक्ता समितिका अध्यक्ष कुशेश्वर ठाकुरले बताए ।

'पाँच वर्षमा पूरा हुने योजना ९ वर्षसम्म अधुरै छ । कयौंपटक डिभिजन कार्यालय दौडधुप गरेपनि चासो देखाएन । कति हाकिम आए, गए । योजना अधुरै छ', उनले भने । डिभिजन कार्यालयको मूल्यांकनमा यो योजना पूरा गर्न अझै १३ करोड ५० लाख रुपैयाँ लाग्छ । आर्थिक वर्ष २०७९/०८० असार मसान्तमा डिभिजन कार्यालय राजविराजले दिएको १९ लाख रुपैयाँबाट बोरिङको पाइप किनेर कार्यालय अगाडि थुपारेर राखिएको छ । आर्थक वर्ष २०८०/०८१ म छुट्याएको १७ लाख रुपैयाँ कामै नगरी फ्रिज भयो ।

'अहिलेसम्म काम अधुरै छ । हामीले यसबाट पानी खाने कुनै ठेगान छैन । त्यतिबेला पाँचवर्षमै घर घरमा पानी आउँछ भनेका थिए, ९ वर्षमा पनि केही भएन', स्थानीय धियानी सदा भन्छन् । संघीय सरकारले उचित बजेट विनियोजन नगर्दा योजनाले पूर्णता नपाएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजका प्रमुख विश्वनाथ यादव बताउँछन् ।

मधेश सरकारको खानेपानी महाशाखा प्रमुखसमेत रहेका यादवले आफू ३ असारदेखि डिभिजन प्रमुखको थप जिम्मेवारी पाएकाले विनियोजन गरिएको १७ लाख रुपैयाँ काम गर्न नसकी फ्रिज भएको स्वीकारे । 'उचित बजेट सरकारले विनियोजन नगरेसम्म योजना पूर्णता पाउन गाह्रो छ', उनले भने ।

पछिल्ला वर्षहरुमा फागुनदेखि साउनसम्मको ६ महिना भूमिगत पानीको सतह घट्दा मधेशमा खानेपानीको हाहाकार हुने गरेको छ । खानेपानीका स्रोतहरु इनार, चापाकल, धारा सुक्दा कतिपय ठाउँमा ट्यांकरबाट खानेपानी वितरण गर्ने गरिएको छ । तर सहजै खानेपानी प्रवाह गर्न सक्ने धनुषाको सपही र सिरहाको बेल्हा खानेपानी आयोजना मात्र होइन यस्ता धेरै आयोजना अधुरा र अलपत्र छन् ।

आर्थिक वर्ष २०६६/०६७ मा सुरु भएको भएको धनुषाको सबैला खानेपानी आयोजना, आर्थिक वर्ष २०६५/०६६ मा सुरु भएको भएको महोत्तरीको पशुपतिनगर खानेपानी आयोजना, आर्थिक वर्ष २०६७/०६८ मा सुरु भएको सर्लाहीको बसबरिया गाउँपालिकास्थित धनगढा खानेपानी आयोजना, धनुषाको बटेश्वरको परिवर्तन खानेपानी आयोजना अलपत्र अवस्थामा छ ।

मधेशका आठवटा जिल्ला धनुषा, महोत्तरी, सिरहा, सर्लाही, रौतहट, सप्तरी, बारा र पर्सामा यस्तै प्रकृतिका ३७२ खानेपानी आयोजना अधुरा छन् । मधेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय अन्तर्गत रहेको खानेपानी तथा सरसफाइ महाशाखाका अनुसार ती ३७२ खानेपानी आयोजना आर्थिक वर्ष २०५६/०५७ देखिदेखि २०७४/७५ सम्मका हुन् । यी धेरै आयोजना प्रदेश सरकार स्थापना भएपछि संघीय सरकारबाट २०७५/०७६ मा मधेश सरकारलाई हस्तान्तरण भएका हुन् । त्यसअघिसम्म यी आयोजना जिल्लास्थित खानेपानी तथा सरसफाइ डिभिजन अन्तर्गत थिए ।

(स्रोत: अनलाइनखबर)

# प्रशासनिक संघीयता....

संघीयताको सफल कार्यान्वयन तीनै तहका सरकार बिचको सहकार्य, सहयोग, समन्वय र सह-अस्तित्वमा आधारित हुने हुँदा तत्तत् तहका कर्मचारीको मनोबल उच्च राख्ने कुरामा ध्यान पुग्नुपर्छ । कर्मचारीले संगठनप्रति अपनत्व महसुस गर्ने किसिमले मानवीय दृष्टिकोणसहित कर्मचारीको व्यवस्थापनमा ध्यान दिनुपर्छ ।

स्पष्ट कानुनी व्यवस्था मार्फत सेवा-सुविधा र वृत्ति विकासका अवसरलाई लिएर कर्मचारीमा उत्पन्न हुने असुरक्षाको अन्त्य गरिनुपर्छ । सांगठनिक सफलता व्यक्तिगत तथा सांगठनिक लक्ष्यहरूको एकीकरणमा निर्भर रहन्छ भन्ने तथ्यलाई बिर्सनु हुँदैन ।

कर्मचारीहरूको पीर-मर्का र गुनासोको उचित सम्बोधन गर्दै स्पष्ट कार्य विवरण, मापनयोग्य लक्ष्यसहितको कार्यसम्पादन सम्झौता, सोको कार्यान्वयनको निरन्तर बहुपक्षीय अनुगमन र प्राप्त नतिजालाई वस्तुगत रूपमा कर्मचारीको वृत्तिविकाससँग तादात्म्यता गरिनुपर्छ । वृत्ति विकासका अवसरहरूमा अविभेद, निष्पक्षता, खुलापन र पूर्वानुमेयता तर नतिजा प्राप्तिप्रति निर्मम व्यवहार आजको आवश्यकता हो ।

तहगत सरकारहरूमा कर्मचारीको व्यवस्थापन गर्दा आधारभूत मानवीय मूल्य-मान्यताको क्षयीकरण हुने व्यवस्था हटाइनुपर्छ । उदाहरणका लागि कर्मचारीको समायोजन नेपालको जुनसुकै भूभागमा हुने, कुनै पनि प्रदेश वा स्थानीय सेवामा देशभरिको नागरिकले आवेदन दिन पाउने तर सरुवा भने तोकिएको बाहेक अन्य प्रदेशमा हुन नपाउने– यसले परिवार एकातिर जागिर अर्कोतिर हुन्छ । पायक पर्ने स्थानमा सरुवा नहुने व्यवस्था कतिको न्यायोचित छ ?

त्यसैगरी स्थानीय तहमा कार्यरत कर्मचारीलाई संघीय निजामती सेवामा खुला रूपमा प्रतिस्पर्धा गर्नका लागि उमेर हद लाग्ने जुन व्यवस्था छ, सरकारी सेवामा प्रवेश गरेको पूर्ण अनुभूति समेत हुन नपाउने गरी गरिएको यस्तो व्यवस्थाको पुनरवलोकन हुन जरुरी छ ।

प्रदेश निजामती सेवाका कर्मचारीलाई संघीय निजामती सेवा र स्थानीय सेवाका कर्मचारीलाई प्रदेश निजामती सेवा तथा संघीय निजामती सेवामा अन्तरतह प्रतिस्पर्धा मार्फत आउन मिल्ने गरी निश्चित प्रतिशत छुट्याइनुपर्छ ।

वृत्ति मार्गमा हिँड्दै गर्दा कर्मचारी कहाँसम्म पुग्छ, यो उसको इच्छाशक्ति र मिहिनेतमा भर पर्ने कुरा हो तर उच्च तहमा पुग्ने सपना उसले देख्न पाउनुपर्छ । अड्कलिएको वृत्तिमार्ग र सपनाले कर्मचारीमा रक्तसञ्चार ल्याउँदैन, विभेद र अविश्वासले कर्मचारीमा श्वास भर्दैन । प्रशासनिक संयन्त्र नै विदीर्ण छ भने हाम्रो शासन व्यवस्थाको चित्र कस्तो होला ? अनि शासन व्यवस्थामार्फत जनताले गर्ने अनुभूति कस्तो होला ?

बलियो संघीभूत एकाइहरू विना बलियो संघीयताको कल्पना गर्न सकिँदैन, त्यसैले प्रदेश र स्थानीय तहको प्रशासनलाई जीवन्त र गतिशील बनाउनका लागि अविलम्ब कानुनी आधार प्रदान गरिनुपर्छ । सरुवा, बढुवा र वृत्ति विकासका अवसरलाई पहुँचभन्दा पनि पद्धतिमा आधारित र स्वचालित बनाई व्यावसायिक, उत्तरदायी र उत्प्रेरित प्रशासनिक संयन्त्रको विकासमा सरोकारवाला निकायको प्रयास एकीकृत हुन जरुरी छ ।

(साभार: रातोपाटी)

# 'होस्टेल ३'को रिलिज फागुन १६ लाई पक्का, 'माग्ने बुढा'का छोराले गर्दैछन् डेब्यु




काठमाडौं/फिल्म 'होस्टेल'को तेस्रो श्रृंखला निर्माणको तयारीमा छ । हाल वर्कसप र कलाकार अनुबन्धित प्रक्रियामा रहेको फिल्मका निर्माताले छायांकन भन्दा अगावै प्रदर्शन मिति घोषणा गरेका छन् । फिल्मलाई ग्याल्पो ल्होछारको सार्वजनिक विदा पारेर आगामी फागुन १६ गतेदेखि प्रदर्शन गरिने भएको छ । यसको दुई दिनअघि अर्थात् फागुन १४ गते भने फिल्म 'लाज शरणम्' प्रदर्शनको तयारीमा छ ।

आगामी भदौ २१ गतेबाट छायांकन सुरु गर्न लागिएको यो फिल्ममा पारस बम (कुल ब्वाई), रिहान गिरी (गायक), पदम तामाङ र सिम्रन पन्त मुख्य भूमिकामा अनुबन्ध भइसकेका छन् । अब अर्को मुख्य भूमिकामा आशिष घिमिरे भित्रिएका छन् । उनी कलाकार केदार घिमिरे (माग्ने बुढा)का छोरा हुन् । बाल्यकालमा आशिष टेलिसिरियल 'मेरी बास्सै'मा 'धुन्धुकारी'को भूमिकामा देखिने गर्दथे ।

आशिषसँगै यो फिल्ममा कलाकार हेना नगरकोटीको पनि प्रवेश भएको छ । उनी थिएटर पृष्ठभूमिकी हुन् । एक्टर स्टुडियोमा लामो समयदेखि संलग्न रहेकी हेनासँग केही नाटक, वेब सिरिजहरू 'खेल' र 'साहु बा' तथा फिल्म 'बाइरोड'मा अभिनय गरेको अनुभव छ । निर्देशक सशान कँडेलले 'होस्टेल ३'मा निश्चित भएका सबै कलाकारको भूमिका एकदमै बलियो र अर्थपूर्ण रहेको बताएका छन् ।

माधव शर्माको स्क्रिप्ट लेखन रहेको फिल्मको कथा निर्देशक कँडेल आफैंको हो । सम्मान इन्टरटेन्मेन्टले आरोन कन फिल्म्ससँगको सहकार्यमा निर्माण गर्न लागेको फिल्मका कार्यकारी निर्मातामा शङ्कर कोइराला रहेका छन् । त्यसैगरी, निर्माताहरुमा कर्ण कार्की र गोविन्द अधिकारी, सह-निर्माताहरुमा सुधा मरहट्ठा, सुरेश कँडेल र अर्जुन सापकोटा तथा लाइन प्रोड्युसरमा भेषराज गौतम छन् ।

# मिस नेपाल वर्ल्ड २०२४ को उपाधि आस्माकुमारी केसीलाई

काठमाडौं/मिस नेपाल वर्ल्ड २०२४ को उपाधि आस्माकुमारी केसीले जितेकी छन् । शनिबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजित ग्राण्ड फिनालेमा उनले ताज पहिरिइन् ।

उनलाई मिस नेपाल २०२३ सृच्छा प्रधानले ताज लगाइदिइन् । मिस नेपाल अर्थको उपाधि सुमन केसीले जितिन् । मिस नेपाल इन्टरनेसनलको उपाधि करुणा रावतले प्राप्त गरिन् । मिस नेपाल वर्ल्ड आस्मा सोसल वर्कमा स्नातक अध्ययनरत छिन् । २६ वर्षिया उनको उचाइ ५ फिट ५ इन्च छ । उनी काठमाडौं निवासी हुन् ।

जितपछि संचारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै मिस नेपाल वर्ल्ड आस्माले आफूलाई सपनाजस्तो लागिरहेको बताइन् । २६ जना सुन्दरीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए ।

सबटाइटल विधातर्फ धेरै भोट ल्याएर अन्जना पुनले पपुलर च्वाइस, ऊर्जा नेवाले मिस फिटनेस, सिम्रिका मानन्धरले हेल्दी स्किन, साइरा खड्काले मिस भिजिनरी, प्रेरभिता स्वारले मिस कन्फिडेन्ट, सुमना केसीले मिस हाइजिन र अम्बिका राणाले ग्रीन भिजिनरी उत्कृष्ट भए ।

मिस फोटोजेनिक श्रद्धासुमन सिलवाल, फार्मेसी फेस अफ द इयर आस्मा केसी, मिस इन्टलेक्चुअल दीक्षा अवस्थी र ब्युटी विथ अ पर्पस विधामा सुमना केसी विजयी भए ।

'ब्युटी विथ पर्पस'को विधा मिस नेपालको इतिहासमा पहिलोपटक आयोजना गरिएको हो । वुमन विथ द विंग्स विधामा किम्ती श्रेष्ठले जिते । उपाधिका लागि सेमिफाइनलमा आस्मा केसी, सिम्रिका मानन्धर, प्रेरभिता स्वार, श्रद्धासुमन सिलवाल, करुणा रावत र सुमन केसीबीच कडा प्रतिस्पर्धा भएको थियो ।

फिनालेमा प्रियंकारानी जोशी, दिब्यदेव, शरद भेसवाकर सहितका ११ जना जजको रुपमा थिए । यसवर्षको संस्करणमा मिस नेपालको ३० औं वर्षगाँठ सेलिब्रेसन गरिएको थियो ।

समारोहको सुरुवात प्रथम मिस नेपाल रुवी राणाको मन्तव्यसँगै सुरु भएको थियो । तीन दशक लामो यात्रामा मिस नेपालले ल्याएको सामाजिक र लैंगिक परिवर्तनको चर्चा गर्दै राणाले आफ्नो अनुभव सुनाएकी थिइन् ।

फिनाले समारोहमा आकर्षक नृत्य प्रस्तुत गरिएको थियो । सहाना बज्राचार्य होस्ट रहेको समारोहमा २०२३ का मिस नेपालको ब्याच सृच्छा प्रधान, प्रसिद्धी शाह र रेना मजगैयाँ को-होस्ट थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीमा विपद्का ८५६ घटना, ८८ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ बागमती प्रदेशमा गत आर्थिक वर्ष २०८०/८१ मा विपद्का घटनाबाट ८८ जनाको मृत्यु भएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार घटनामा ४३ जना बेपत्ता र १ सय ८४ जना घाइते भएका छन् ।



आगलागीका घटना ४ सय ९३, वन डढेलो १ सय २२, पहिरो ९०, वन्यजन्तु आक्रमण ४२, भारीवर्षा ३४, बाढी ३३, चट्याङ १४, हावाहुरी १३, उच्चउचाइ (लेक लाग्ने) ५, गैरप्राकृतिक विपद् ३, सर्पदंश ३, हिमपहिरो ३ र भूकम्प १ गरी ८ सय ५६ वटा विपद्का घटना भएको छ । विपद्का कारण समीक्षा अवधिमा ६ सय १९ वटा पशुचौपायाको क्षति भएको मन्त्रालयकी सूचना अधिकारी रविता कार्कीले जानकारी दिइन् ।

विपद्का घटनाका कारण प्रदेशका १ सय ८९ वटा भौतिक पूर्वाधारमा क्षति पुग्दा आर्थिक रुपमा ५१ करोड ६७ लाख रुपैयाँको क्षति भएको उनले बताइन् । वन्यजन्तु आक्रमणका ४२ वटा घटनामा ६ जनाको मृत्यु भएको छ भने ३८ जना घाइते भएका छन् । यस्तै, ६ वटा पशुचौपायाको क्षति र २१ लाख रुपैयाँको भौतिक पूर्वाधार क्षति भएको मन्त्रालयले जनाएको छ ।

हिमपहिरोका ३ वटा घटनामा ३ जना घाइते भएका छन् भने भूकम्पमा परेर ३५ वटा भौतिक पूर्वाधार क्षति भएको छ । आगलागीका ४९३ घटनामा २४ जनाको मृत्यु हुनका साथै ८७ जना घाइते भएका छन् । आगलागीबाट ९७ वटा भौतिक पूर्वाधार, ३९४ वटा पशुचौपाया र ४६ करोड ९५ लाख ४२ हजार ९८७ रुपैयाँको आर्थिक क्षति भएको मन्त्रालयले जनाएको छ ।

बाढीका ३३ वटा घटनामा परेर ५ जनाको मृत्यु, २ जना बेपत्ता, २ जना घाइते, ३ वटा भौतिक पूर्वाधार क्षति, ५ वटा पशुचौपायामा क्षति पुगेको छ भने ७ लाख रुपैयाँको आर्थिक क्षति भएको छ । वन डढेलोका १२२ वटा घटनामा ४ जनाको मृत्यु, ६ जना घाइते, २५ वटा भौतिक पूर्वाधार क्षति, १०७ वटा पशुचौपाया र २ करोड ३९ लाख ८९ हजार ३०० रुपैयाँको आर्थिक क्षति भएको छ ।

यसैगरी समीक्षा अवधिमा पहिरोका ९० वटा घटनामा ४२ जनाको मृत्यु, ४१ जना बेपत्ता, २३ जना घाइते, १४ वटा भौतिक पूर्वाधार क्षति, ८५ वटा पशुचौपाया र ५८ लाख ३३ हजार २०० रुपैयाँको आर्थिक क्षति भएको छ । भारी वर्षाका ३४ वटा घटनामा ४ जना घाइते भएका छन् भने ४ वटा भौतिक पूर्वाधार र १ करोड ३७ लाख ७८ हजार रुपैयाँको आर्थिक क्षति भएको छ । ५ वटा लेक लागेका घटनाबाट ६ जना घाइते भएका छन् ।

सर्पदंशको ३ वटा घटनाबाट २ जनाको मृत्यु र एक जना घाइते भएका छन् । चट्याङका १४ वटा घटनामा एक जनाको मृत्यु, १२ जना घाइते, २२ वटा पशुचौपाया र १० लाख ३० हजार ५०० रुपैयाँको क्षति भएको छ । हुरी बतासका १३ वटा घटनामा २ जनाको मृत्यु, एक जना घाइते, एउटा भौतिक पूर्वाधार र १६ लाख ७५ हजार रुपैयाँको क्षति भएको छ । अन्य गैरप्राकृतिक प्रकोपका ३ वटा घटनामा २ जनाको मृत्यु भएको र एकजना घाइते भएका छन् ।

# मकवानपुरगढीमा ९० जना एमाले प्रवेश



साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ मकवानपुरगढी गाउँपालिकामा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र परित्याग गरी ९० जनाले नेकपा एमालेको सदस्यता लिएका छन् ।

मकवानपुरगढी-२ मा शनिवार भएको पार्टी प्रवेश तथा प्रशिक्षण कार्यक्रममा नेपाली कांग्रेसका नेताद्वय मदन मुक्तान र टेकबहादुर थिङ तथा माओवादी केन्द्रका नेता रामबहादुर लुङबाको नेतृत्वमा ९० जना नेकपा एमालेमा प्रवेश गरेको एमाले गाउँकमिटी सविच रोमनाथ रेग्मीले जानकारी दिए ।

एमाले रोजेका तीनैजना नेताले २०७४ पछिको पाँच वर्ष एमालेले नेतृत्व गरेको गाउँ सरकार र हाल कांग्रेस-माओवादीले नेतृत्व गरेको सरकारको २ वर्षको कामलाई मूल्यांकन गरेरै पार्टी प्रवेशको निर्णय लिएको बताए । कार्यक्रममा उनीहरुले एमाले रोज्नुको कारण बताउँदै पूर्वाधार, शिक्षा र रोजगारी सृजनाको सबालमा एमाले नेतृत्वको सरकारले गरेको कामको प्रशंसा गरेका थिए ।

कार्यक्रमको प्रमुख अतिथि एमाले बागमती प्रदेश कमिटी सदस्य तथा मकवानपुरगढी इञ्चार्ज निर्मला लम्साल, पार्टी जिल्ला सदस्य तथा मकवानपुरगढी इञ्चार्ज बिदुर हुमागाईं, जिल्ला सदस्य तथा सहइञ्चार्ज मेम्मर लो, पार्टी गाउँ कमिटी अध्यक्ष जीतबहादुर घिमिरे लगायतले मकवानपुरगढीको विकास, रोजगारी सृजनासँगै नागरिकको हकअधिकार रक्षाका लागि एमाले प्रतिबद्ध भएर लाग्ने विश्वास दिलाए ।

पार्टी वडाकमिटी अध्यक्ष चन्द्रबहादुर आलेको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टी गाउँकमिटी उपाध्यक्ष चन्द्र योञ्जन, सचिव रोमनाथ रेग्मी, सदस्यहरु कृष्ण पुडासैनी, उत्तम अधिकारीलगायतको आतिथ्यता थियो । एमाले मकवानपुरगढी गाउँ कमिटीको शुक्रबार मक्राञ्चुलीमा भएको दोस्रो पूर्णबैठकले पार्टीको संगठन निर्माणलाई सशक्त बनाउँदै सदस्य विस्तारमा जोड दिने कार्ययोजना तयार गरेको थियो ।

पार्टी केन्द्रीय सदस्य केदार न्यौपाने, पार्टी जिल्ला अध्यक्ष श्रीधर पोखेललगायतको उपस्थितिमा भएको बैठकले वार्षिक कार्ययोजना पास गरेसँगै अभियानलाई शनिवार बाट सुरु गरिएको पार्टी गाउँ कमिटी अध्यक्ष घिमिरेले बताए ।

# आठ सामुदायिक विद्यालयसहित ६६ विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ २०८० सालको एसइइ परीक्षामा उत्कृष्ठ नजिता सहित उत्तीर्ण हुने हेटौंडा उपमहानगरपालिकामा रहेका समुदायीक विद्यालय तथा व्घिार्थीलाई सम्मान गरिएको छ ।



नगरस्तरीय शैक्षिक समन्वय समितिले सनिवार हेटौंडा उपमहानगरको सभाहलमा आयोजना गरेको उपमहानगरभित्र सञ्चालित सामुदायिक विद्यालयमध्ये एसइइ २०८० मा उत्कृष्ट नतिजा ल्याउने ८ विद्यालय सहित ६६ विद्यार्थीलाई सम्मान गरेको हो ।

नगरभित्र रहेका समुदायिक विद्यालयमा अध्यापन गरी एसइइ परीक्षमा ३.६ जिपीए ल्याउने सिद्धार्थ, आधुनिक, भुटनदेबी, प्रगति, महेन्द्रकिरण, जनप्रिय, बंशगोपाल माध्यमिक विद्यालयमा अध्यापन गर्ने विद्यार्थीलाई हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले सम्मानित गरेकी हुन् ।

बिद्यालय र विद्यार्थीलाई सम्मानीत गर्दै नगरप्रमुख लामाले शिक्षा प्रणालीमा सुधार गर्न जरुरी रहेको बताइन् । उनले शिक्षा कमजोर होइन यसलाई सुधार्न जरुरी रहेको औल्याइन् । यहाँ पढेका विद्यार्थी बैदेशिक रोजगारीमा जानका लागि अब्बल देखिएका छन् । उनीहरुले बिभिन्न मुलुकमा जानमा लागि दिने परीक्षामा सफल बन्दै जाँदै गरेको अवस्था रहेको भन्दै उनले शैक्षिक गुणस्तरमा सुधार गर्न जरुरी रहेको बताइन् ।

उनले भनिन् 'यहाँबाट बाहिर जानमा लागि परीक्षा पास गर्ने विद्यार्थीले बाह्रय मुलुकमा गएर के काम गरिरहेका छन् भन्ने बिषय प्रमुख हो ।' अब हामीले शिक्षामा सुधार गर्दै प्राबिधिक शिक्षामा जोड दिन जरुरी रहेको बताइन् । शैक्षिक सुधारका कार्यक्रम ल्याउनका लागि उपमहानगर तयार रहेको भन्दै शिक्षक पनि त्यसमा हातेमालो गर्न तयार हुनुपर्ने बताइन् ।

नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष भोगेन्द्र लुईंटेलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर-१६ का अध्यक्ष एवम् समाजिक विकास समितिका संयोजक रामकृष्ण कोईराला, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहाल, नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेश हुमागाई, प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक संगठनका मुकेश मिश्र, एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुरका अध्यक्ष बसन्त राई, प्रगति माध्यमिक विद्यालयका प्रधानाध्यापक निरञ्जन ढकाल र अभिभावक फुर्वा आलेमगरलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

समन्यव समितिले नगरमा रहेका समुदायिक विद्यालयका शिक्षक्लाई शैक्षिक सुधारका तालिम सहित नगरमा सञ्चालन हुने आधार भूत तथा निम्नमाध्यमिक तहको परीक्षाका लागि प्रश्नपत्र तयार पार्ने गर्दछ । प्रश्नपत्र तयारबापत आधारभूत तहमा ३० रुपैयाँ र निम्नमाध्यमिक तहमा ४५ रुपैयाँ शुल्क लिने गरेको कार्यक्रममा जानकारी दिइएको थियो ।

# सिस्नेरी सुमो दुर्घटना, १० जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ सिस्नेरीमा शनिबार बिहान भएको सुमो दुर्घटनामा दुई नेपालीसहित आठ भारतीय नागरिक घाइते भएका छन् । घाइते १० जनाको पहिचान खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार सवारी दुर्घटनामा सुमोचालक पर्सा वीरगन्ज महानगरपालिका घरभई ललितपुर बल्खु बस्ने ३३ वर्षीय जाकिर मिया र बारा आदर्श कोतुवाला गाउँपालिका-७ का औसान अन्सारी घाइते भए ।

दुर्घटनामा काठमाडौं महानगरपालिका-१४ कालीमाटी स्थित एउटै गार्मेन्टमा काम गर्ने भारतीय नागरिक ५० वर्षीया सोभरती अन्सारी, ३० वर्षीय सुनिल राम, ३५ वर्षीय प्रदीप राम, ४४ वर्षीय मोहम्मद मुस्लिम, २४ वर्षीय अनिल राम घाइते भएको प्रहरीले जनाएको छ ।

सुमो दुर्घटनामा भारत घरभई हाल काठमाडौं तारकेश्वर नगरपालिका नेपालटार बस्ने ४० वर्षीय सन्तोष रन्जन, ६१ वर्षीय सतेन, २० वर्षीय अफरोज आलम घाइते भएका हुन् । घाइतेहरुको टाउको, शरीरका विभिन्न भाग, घाटी, छाती, खुट्टा, कुम, हातमा चोट लागेको छ ।

उनीहरुको काठमाडौंमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीनिरीक्षक प्रकाश साहले जानकारी दिए । शनिबार बिहान ७:२० बजेको समयमा सिस्नेरी सडक खण्डमा काठमाडौंबाट वीरगन्जतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०३६२ नम्बरको सुमो आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो ।

# कांग्रेस बागमतीको विभागमा २४ जना सदस्य मनोनित



साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ नेपाली कांग्रेस बागमती प्रदेशसभापति ईन्द्रबहादुर बानियाँले कांग्रेस बागमती प्रदेशको भौतिक पूर्वाधार, निर्माण तथा यातायात विभागमा २४ जना सदस्य मनोनीत गरेका छन् ।

कांग्रेस बागमती प्रदेश भौतिक पूर्वाधार, निर्माण तथा यातायात विभागको प्रमुख बिक्रम लामाको सभाध्यक्षता एवम् कांग्रेस बागमती प्रदेशसभापति बानियाँको प्रमुख आतिथ्यतामा काठमाडौंको नयाँबानेश्वरमा शनिबार भएको सदस्य मनोनित कार्यक्रम बागमती प्रदेशका १३ जिल्लाका २४ सदस्यलाई विभागमा मनोनीत गरिएको हो । सदस्य मनोनित कार्यक्रमलाई सम्बोधन गर्दै सभापति बानियाँले अहिले ब्यवस्था जोगाउन र देशको समृद्धिको लागि प्रमुख दुई ठूला दल मिलेर सरकार बनाएकाले यो सरकारलाई असफल हुने छुट नभएको बताए ।

प्रत्यक्ष निर्वाचनमा नै समानुपातिक, समाबेशिताको सुनिश्चितता गरी संविधान संशोधन आवश्यक रहेको बताउँदै सभापति बानियाँले राणा, राजा र माओवादी सम्मलाई मिलाएर देश र जनताको हितमा काम गरेको कांग्रेस पछि पर्नुमा आन्तरिक मनमुटाव प्रमुख कारण रहेकाले यसको लागि केन्द्रीय नेतृत्व तहले विशेष ध्यान दिन आग्रह गरे ।

कार्यक्रममा विभागमा सदस्यहरु चेतबहादुर तामाङ, सन्तोषकुमार रोक्का, नेत्रमान प्रधान, रामेश्वर पुडासैनी, राजकुमार चौरेल, बिनुलक्ष्मी ताम्राकार, खड्कप्रसाद सिवकोटी, विकासकाजी श्रेष्ठ, म्हेन्दो लामा, छिरिङ डोल्मा लामा मनोनित भएका छन् ।

त्यस्तै चेतना थापा कार्की, निर्मल लामा स्याङ्तान, कविता भट्टराई, हरि पनेरु, पदमबहादुर भण्डारी, अशोककुमार तण्डुकार, शिवकुमार खड्का, बाबुराम प्रधान, राज ढुंगाना, दीपेन्द्र खरेल, कमल खत्री, रमेश पौडेल, राजन कार्की र निर्मल थापालाई विभागको सदस्यमा मनोनित गरिएको थियो । बागमती प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु उपस्थिति रहेको कार्यक्रममा प्रदेशसदस्य जगदिशनरसिं केसी, बागमती प्रदेशका पूर्वभौतिक पूर्वाधार मन्त्री कृष्णलाल भंडेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# नेवा: गुठी खल: हेटौंडाको अध्यक्षमा श्रेष्ठ चयन



साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ नेवा: गुठी खल: हेटौंडाको अध्यक्षमा विकेशलाल श्रेष्ठ चयन भएका छन् । नेवा: गुठी खल:को एक वर्षअघि गठित तदर्थ समितिका संयोजक र हेका श्रेष्ठ शनिबार सम्पन्न भएको नगरसमिति भेलाबाट अध्यक्षमा सर्वसम्मत चयन भएका हुन् ।

सामाजिक कार्यमा सक्रिय रहने श्रेष्ठ युवा व्यवसायी हुन् । उनी हेटौंडा जेसीज वर्ष २०२४ का अध्यक्ष समेत रहेका छन् । उनी मकवानपुर उद्योग वाणिज्य संघको कार्यसमिति सदस्य छन् । श्रेष्ठ अग्रगति बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष हुन् । नगरभेलाले श्रेष्ठको नेतृत्वमा १५ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा शिवनारायण श्रेष्ठ, सचिवमा शिवकुमार श्रेष्ठ, कोषाध्यक्षमा सुरक्षा राजथला, सहसचिवमा विक्की खड्गे चयन भएका छन् । यस्तै समितिको सदस्यहरुमा इशा मानन्धर, विपिन ताम्राकार, निराजनमान श्रेष्ठ, सागर श्रेष्ठ, राज खड्गी, उज्जवलराज शाक्य, अपिल खड्गे, सुनकेशरी श्रेष्ठ, राजक शाही र अमित श्रेष्ठ चयन भएका छन् ।

अध्यक्ष श्रेष्ठले नेवा: सम्पदा, संस्कृति र परम्पराको जगेर्ना गर्न आफ्नो महत्वपूर्ण भूमिका रहने बताएका छन् । श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । नेवा: गुठी खल: मकवानपुरका अध्यक्ष अनिल खड्गेको विशेष आतिथ्यता रहेको थियो ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा
हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुति...

Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा

२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा
सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्
साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सञ्चालक: भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना